ISSN: 2961-1989
Academia Research Journal (ARJ)
A Multidisciplinary Peer-Reviewed Research Journal, Indexed in NepJOL
Volume: 4 Issue: 2, Year 2025

# आठहजारी साइँली गीतमा आलङ्कारिक सौन्दर्य

डम्बरबहादुर पुन*

**DOI:** *https://doi.org/10.3126/academia.v4i2.82976*

***** Dambar Bahadur Pun, Assistant Professor, Tribhuvan University, Mahendra Multiple Campus, Nepalgunj
*Corresponding Author: dambarpun06@gmail.com

Article History: Received: March. 12, 2025 Revised: June 10, 2025 Received: August. 01, 2025

**लेखसार**

यो अनुसन्धानमूलक लेख साइँली गीतमा आलङ्कारिक सौन्दर्यको खोजीमा केन्द्रित रहेको छ । साइँली गीतलाई एकल रूपमा वा दोहोरीका रूपमा दुवै तरिकाले प्रस्तुत गरेको पाइन्छ । यो गीत सल्यान आठहजार क्षेत्रमा रहेका त्रिवेणी गाउँपालिका र कपुरकोट गाउँपालिका क्षेत्रमा बाह्रै महिना गाउने गरेको देखिन्छ। यस गीतको सङ्कलनका लागि क्षेत्रीय अध्ययन कार्य गरिएको छ भने गीतको विश्लेषणका लागि अलङ्कार सिद्धान्तको अध्ययन गर्न पुस्कालयीय कार्य गरिएको छ । गीतको विश्लेषण निगमनात्मक विधिको उपयोग गरिएको छ । अध्ययनका क्रममा यस क्षेत्रको साइँली गीत अलङ्कारिक सौन्दर्यका हिसाबले सशक्त रहेको पाइन्छ। साइँली गीतमा गङ्गा जल झैं निश्चल मन भएको चर्चा गर्दै मन र गङ्गाका बिचमा सादृश्य सम्बन्ध निश्चल अवस्था देखाएको उपमा अलङ्कार र फूल रूपी सिस्नोलाई चिन्न नसक्नुको व्यञ्जनार्थमा उचित किसिमको प्रेमीलाई भ्रममा परेर चिन्न नसकेको वर्णन गरिएको भ्रान्तिमान् अलङ्कारले गीतलाई चमत्कारपूर्ण बनाएको देखिन्छ। यसै गरेर यस गीतमा श्रीमान् श्रीमतीको प्रेम, छुट्ने बेलामा प्रेममा देखिएको तीव्रता, उज्यालो नै नभइदिए हुन्थ्यो जस्ता प्रस्तुति भई प्रणय भावको उत्तरोत्तर उत्कर्ष देखाइएको सार अलङ्कारका साथै समर्थन भाव वेवास्ता गर्नु र समर्थनीय भाव चितामा जलेको हेर्नु जस्ता भाव देखा परेको काव्यलिङ्ग अलङ्कारको प्रयोगले गीतलाई आकर्षक बनाउने काम गरेको पाइन्छ। यसका साथै एउटा वस्तु प्रेम रोगको गुणबाट अर्को वस्तु रातमा निद्रा र दिउँसो भोक नलाग्नु दोषको चर्चा गरिएको उल्लास अलङ्कारका साथै सामान्य वस्तु युवायुवतीबिचको चिनजानको अवस्थामा समर्थनमाथि समर्थन गरेर युवतीप्रति युवक अत्यन्त आकर्षित हुनु र विवाहको अवस्थासम्म पुग्ने कुराको वर्णनमा जुनलाई ज्योति दिने घामको चर्चा गरिएको विकस्वर अलङ्कारको प्रयोगले गीतलाई सौन्दर्ययुक्त बनाएको भेटिन्छ । यस प्रकारको अलङ्कारिक सौन्दर्ययुक्त साइँली गीतको अध्ययनले लोकगीतका अध्येता तथा लोकसाहित्यमा अभिरुचि राख्ने व्यक्तिहरू लाभान्वित हुने देखिन्छ।

*शब्दकुञ्जी* : उपमा, अतिशयोक्ति, असङ्गति, काव्यलिङ्ग, विकस्वर

## विषय प्रवेश

साइँली गीत सल्यान आठहजार क्षेत्रमा प्रचलित विभिन्न प्रकारका बाह्रमासे गीतहरूमध्येको एक महत्त्वपूर्ण लोकगीत हो। यस क्षेत्रका जनजीवनका उकाली ओरालीसँग सानिध्यता गाँस्न सफल एवम् ग्रामीण परिवेशको झझल्को दिने महत्त्वपूर्ण गीत साइँली हो। यही क्षेत्रकै जनजीवनमा जन्मिएर हुर्किंदै, यही जनजीवनको आत्माआत्मामा बस्न सफल साइँली गीत समयअनुसार उत्सव वा अन्य परिस्थिति अनुरूप विभिन्न तरिकाले गाइन्छ। विशेष गरेर यस क्षेत्रका मेलापर्व पूजाआजा, विवाह, व्रतबन्ध आदिका अवसरमा युवायुवतीहरू यो गीत दोहोरीका रूपमा गाउने गरेको पाइन्छ भने खेतीपाती, घाँस दाउरा, बनपाखा आदिमा काम गर्ने बेला एकल रूपमा गाउने गरेको पाइन्छ। यस गीतमा आलङ्कारिक सौन्दर्य खोज्ने क्रममा गीत सङ्कलन गर्न क्षेत्रीय अध्ययन कार्य, सैद्धान्तिक सामग्रीका लागि पुस्तकालयीय कार्यका साथै गीत विश्लेषणका लागि निगमनात्मक विधिको उपयोग गरिएको छ। यस क्षेत्रका साइँली गीतको विश्लेषणका क्रममा आलङ्कारिक सौन्दर्यको पहिचान गर्ने काम गरिएको छ। यहाँका

लोकस्रष्टाले स्वाभाविक रूपमा प्रयोग गरेका अलङ्कारले गीतलाई सौन्दर्यपूर्ण, हृदयस्पर्शी, रागात्मक, मर्मस्पर्शी बनाएको पाइन्छ । साइँली गीतमा आलङ्कारिक सौन्दर्यको खोजी गर्न पूर्वीय आचार्यहरूले चर्चा गरेका अलङ्कार लक्षणको प्रस्तुति गरी गीतको उदाहरण दिने काम गरिएको छ । यस प्रकारको अध्ययनले यहाँको साइँली गीतमा अन्तर्निहित काव्यात्मक सौन्दर्यलाई लोकसाहित्यका अध्येता माझ पुऱ्याउने काम भएको छ ।

## सैद्धान्तिक पर्याधार

यस अनुसन्धान्मूलक लेखको सैद्धान्तिक पर्याधार अलङ्कार सिद्धान्त हो । अलङ्कार सिद्धान्त पूर्वीय आचार्य भामहले प्रतिपादन गरेको सिद्धान्त हो । काव्यमा अलङ्कारको स्थानका सम्बन्धमा ११ जना आचार्यहरूले अनिवार्य तत्त्वका रूपमा आफ्नो धारणा राखेको पाइन्छ । ती आचार्यमध्ये भामहले नारीको अनुहारलाई आभूषणले सुन्दर बनाए झैँ काव्यलाई अलङ्कारले सुन्दर बनाउने मान्यता अगाडि सारेको पाइन्छ । यसपछिका आचार्य दण्डीले सुन्दरतम अलङ्कारबाट नयाँ कल्पनाको प्रस्फुटन हुने र यो स्थायी हुने भएकाले काव्य सौन्दर्यको उत्कर्षताका लागि अलङ्कारको अनिवार्य आवश्यकता पर्ने कुरा उल्लेख गरेको देखिन्छ । आचार्य उद्भटले भने अलङ्कार रहे मात्र काव्य तत्त्व सिद्ध हुने भएकाले अलङ्कारको अभावमा काव्य सौन्दर्य नरहने कुरा प्रस्तुत गरेको भेटिन्छ । रीतिवादी आचार्य वामनले काव्यको आत्मा रीतिलाई र काव्य सौन्दर्यको कारक अलङ्कारलाई मानेका छन् । वक्रोक्तिवादी आचार्य कुन्तकले जो अलङ्कृत छ त्यो काव्य हो, आकर्षण रहित अलङ्कार र अलङ्कार रहित काव्य हुन सक्दैन भन्ने मान्यता राखेको पाइन्छ । आचार्य भोजले चन्द्रमालाई ज्योत्सनाले र सुन्दरीलाई लावण्यले सुशोभित पारे झैँ काव्यलाई अलङ्कारले सुशोभित पार्ने कुरा व्यक्त गरेका छन् । औचित्यवादी आचार्य क्षेमेन्द्रले सुन्दरीका कम्मरमा लगाउने मेखला घाँटीमा र घाँटीमा लगाउने हार कम्मरमा लगाउदा अनौचित्यमा कारण सौन्दर्य विपरीत हुने भएकाले अलङ्कारको उचित प्रयोगले काव्यको सौन्दर्य वृद्धि हुने विचार व्यक्त गरेको पाइन्छ । आचार्य व्यासले अग्निपुराणमा अलङ्कार विनाको काव्य विधवा समान हुन्छ भन्ने मान्यता अगाडि राखेको देखिन्छ । यसै गरी आचाार्य वाग्भटले दोष मुक्त र गुण युक्त स्त्री भएर पनि आभूषणबाट मात्र सौन्दर्य बढ्ने भएकाले काव्यका लागि कटक, केयुर, तिलक जस्तै अलङ्कार हुन् भन्ने मान्यता प्रकट गरेको भेटिन्छ । यसरी नै आचार्य जयदेवले उष्णता विनाको आगो र अलङ्कार विनाको काव्यको अर्थ हुँदैन भन्ने विचार व्यक्त गरेको देखिन्छ । यसै गरेर आचार्य केशव मिश्रले आफ्नो अलङ्कारसम्बन्धी विचार भामह निकट राखेको पाइन्छ ।

काव्यमा अलङ्कारको स्थानलाई ऐच्छिक रहेको मान्ने पूर्वीय आचार्यहरूको सङ्ख्या नौ रहेको पाइन्छ । ती आचार्यहरूमध्ये आचार्य आनन्दवर्धनले अलङ्कार कटक, कुण्डल जस्तै लगाए पनि हुने नलगाए पनि हुने तत्त्वका रूपमा मानेको आफ्नो धारणा राखेको पाइन्छ । यसै गरी आचार्य मम्मटले अलङ्कार विना काव्यमा ह्रास नआउने र काव्यत्व सम्भव हुने वा काव्यत्व झल्कने विचार व्यक्त गरेको पाइन्छ । आचार्य हेमचन्द्रको विचार भने मम्मट निकट देखिन्छ । आचार्य रुय्यकले अलङ्कारलाई शोभा बढाउने, चम्काउने र रसको उपकार गर्ने तत्त्वका रूपमा व्याख्या गरेको भेटिन्छ । आचार्य शोभाकर मिश्रले  रुय्यक निकटको विचार व्यक्त गरेको पाइन्छ । यसै गरी आचार्य विश्वनाथले अलङ्कार रसलाई उपकार गर्ने अङ्गत वा कङ्कणका रूपमा हेरेको देखिन्छ । आचार्य विद्यानाथ  र विद्याधरले भने मम्मट र रुय्यक निकट रहेर काव्यमा अलङ्कारको स्थान निर्धारण गरेको भेटिन्छ । आचार्य जगन्नाथ भने आनन्दवर्धन र मम्मट निकट रहेर अलङ्कारलाई रसको सौन्दर्यको कारक मानेको पाइन्छ । भरत, रुद्रट र अप्पयदीक्षितले भने काव्यमा अलङ्कारको स्थानका सम्बन्धमा कुनै धारणा राखेको देखिँदैन । यिनै आचार्यका अलङ्कारसम्बन्धी मान्यताका आधारमा आठहजार क्षेत्रका साइँली गीतमा आलङ्कारिक सौन्दर्य खोज्ने काम यस अध्ययनमा गरिएको छ ।

## अनुसन्धान विधि

'साइली गीतमा आलङ्कारिक सौन्दर्य' शीर्षकको यो अनुसन्धानमूलक लेख वर्णनात्मक अध्ययनमा आधारित छ । प्रस्तुत अनुसन्धानमूलक लेख गुणात्मक प्रकृतिको अध्ययन हो । प्रस्तुत अनुसन्धानमूलक लेखको सैद्धान्तिक धरातल अलङ्कार सिद्धान्त भएकाले यसको सैद्धान्तिक अध्ययनका लागि ऐतिहासिक विकासक्रम देखाउने द्विरेखीय पद्धति अँगालिएको छ । साइँली गीतको सङ्कलन गर्न क्षेत्रीय कार्य गरिएको छ भने यसको सैद्धान्तिक अध्ययन सम्पन्न गर्न पुस्तकालयीय कार्य गरिएको छ । केही महत्त्वपूर्ण विषयको जानकारीका लागि इन्टरनेटको सहायता पनि लिइएको छ । साइँली गीतमा पाइने आलङ्कारिक सौन्दर्यको अध्ययनका लागि निगमनात्मक विधिको उपयोग गरिएको छ ।

## परिणाम र छलफल

साइँली गीत आठहजार क्षेत्रमा बाह्रै महिना गाइने भ्याउरे लोकगीत हो । मूल रूपमा दोहोरी र आंशिक रूपमा एकल रूपमा पनि यो गीत गाउने गरेको पाइन्छ । यो गीत लोकगीतको एउटा महत्त्वपूर्ण पक्ष भएकाले यसमा आलङ्कारिक सौन्दर्य पाइनु नै यस अध्ययन कार्यको परिणाम हो । यस परिणाम प्राप्तिका लागि साइँली गीतलाई निम्नानुसार छलफल गरिन्छ-

### साइँली गीतमा अर्थालङ्कार

सल्यान आठहजार क्षेत्रका लोकस्रष्टाले यहाँका साइँली लोकगीतमा प्रयोग गरेका अलङ्कार कौशलको विश्लेषण गर्ने काम यस अध्ययनमा गरिन्छ । यस क्षेत्रका साइँली लोकगीतलाई विभिन्न प्रकारका शब्दालङ्कार र अर्थालङ्कारले शोभायमान गराएको पाइन्छ । यस अध्ययनमा भने विभिन्न प्रकारका अर्थालङ्कारले सुसज्जित साइँली गीतको मात्र विश्लेषण गरिन्छ ।

यस क्षेत्रका साइँली गीतका थुप्रै टुक्राहरूमा उपमा अलङ्कारको प्रयोग भएको पाइन्छ । ती टुक्राहरूमध्ये उपमा अलङ्कारले सजिएको यस क्षेत्रको साइँली गीतको एउटा टुक्रा यस प्रकार छ-

कति लाउँछौ साइँली शङ्काको घेरो
गङ्गा जल झैँ निश्चल छ मन मेरो

यस गीतमा एउटा युवतीले अर्को युवकलाई आफ्नो चरित्र अत्यन्त शुद्ध रहेको वर्णन गरेको भाव व्यक्त भएको देखिन्छ । जसरी गङ्गाको जल पवित्र हुन्छ, निश्चल हुन्छ त्यस्तै आफ्नो चरित्र पनि निश्चल पवित्र भएकाले यसमा कुनै आशङ्का नगर्न युवतीले युवकलाई अनुरोध गरेको पाइन्छ । यस गीतमा उपमेयको रूपमा मन वा चरित्र, उपमान गङ्गाजल, सादृश्यवाचक शब्द जस्तै र धर्म निश्चल शब्दको प्रयोग भएको देखिन्छ । गोविन्दप्रसाद भट्टराईले उपमेय र उपमानको कुनै धर्म विशेषले सादृश्य देखाएमा उपमा अलङ्कार हुन्छ (२०३१, पृ. ८९) भने झैँ यस गीतमा मन र गङ्गाका बिचमा सादृश्य सम्बन्ध निश्चल अवस्था देखाइएको उपमा अलङ्कारको सुन्दर प्रयोग भएको प्रस्ट हुन्छ । यहाँ मन र गङ्गाका बिचमा सादृश्य सम्बन्ध निश्चल अवस्था देखाएको उपमा अलङ्कारले गीतलाई सौन्दर्यपूर्ण बनाएको पाइन्छ ।

यसै गरी यहाँको साइँली गीतलाई सन्देह अलङ्कारले पनि सजाएको पाइन्छ । सन्देह अलङ्कारले ओतप्रोत भएको साइँली गीतको उदाहरण यस्तो छ-

म भन्दा नि साइँली राम्रीलाई हेर्छौ कि
अरू पाए तिमले मन फेर्छौ कि

सन्देह अलङ्कारको प्रयोग भएको यस अंशमा हाल युवायुवतीहरू प्रेमप्रणयमा बाँधिएका छन् । तत्काल वैवाहिक जीवनमा रूपान्तरण हुन नसकेपछि युवकले मन फेर्न सक्ने कुरामा युवतीले आशंका व्यक्त गरेको कुरा यसमा पाइन्छ । टीकाप्रसाद भट्टले कुनै वस्तुप्रति सन्देह, शङ्का वा ठम्याईमा हुने कमी अथवा कुनै एउटा वस्तुका सादृश्यमा अर्को वस्तुको शङ्का गरिने अलङ्कारलाई सन्देह अलङ्कार भनिन्छ (२०७४, पृ. ३२६) भने झैँ यस गीतमा प्रस्तुत विषय आत्मीय प्रेम हुँदाहुँदै पनि अप्रस्तुत विषय अरू राम्रा केटीहरू पाइएमा तिमीले मन फेर्न सक्छौ कि भनेर युवतीले युवाप्रति आशङ्का गरेकाले यसमा सन्देह अलङ्कारको प्रयोग भएको देखिन्छ । यहाँ प्राप्त वस्तुभन्दा अझ उत्तम वस्तुको प्राप्ति भएमा बिर्सन सक्ने कुराको स्मरण गराउँदै भविष्यमा युवकले आफूलाई बिर्सन सक्ने आशंका युवतीले व्यक्त गरेर गीतलाई उक्तिवैचित्र्ययुक्त बनाउने काम गरेको पाइन्छ ।

यसै गरी यस क्षेत्रको साइँली गीतमा भ्रान्तिमान् अलङ्कारको प्रयोग भएको पाइन्छ । भ्रान्तिमान् अलङ्कारको प्रयोग भएको साइँली गीतको नमुना यस प्रकार छ-

सिस्नो रैछ साइँली फूल भनी छोको
छैन त्यसै न्याउली झैँ मन रोको

यस गीतको टुक्रामा मनले सोचेको कुरा पूरा नभएकाले न्याउली चरी झैँ मन रोइरहेको वर्णन गरिएको छ । यसमा फूल भनेर भ्रमपूर्वक सिस्नोलाई छोएको वर्णन पनि पाइन्छ । सोमनाथ सिग्द्यालले सादृश्यलाई निमित्त मानी उपमेयमा तुल्यको भ्रम भएमा भ्रान्तिमान अलङ्कार हुन्छ (२०५८, पृ. २२०) भने झैँ यस गीतमा समान विशेषताका कारण फूल भनेर भ्रमपूर्वक सिस्नो छोएको बयानबाट यस गीतमा भ्रान्तिमान् अलङ्कारको प्रयोग भएको भेटिन्छ । यहाँ फूल रूपी सिस्नोलाई चिन्न नसक्नुको व्यञ्जनार्थमा उचित किसिमको प्रेमीलाई भ्रममा परेर चिन्न नसकेको वर्णन गरी गीतलाई चमत्कारपूर्ण बनाएको देखिन्छ ।

यस क्षेत्रमा प्रचलित साइँली गीतमा अपह्नुति अलङ्कारको प्रयोग भएको भेटिन्छ । प्रस्तुतलाई लुकाएर अप्रस्तुत वस्तुको चर्चा गरिएको अपह्नुति अलङ्कारयुक्त साइँली गीतको टुक्रा यस प्रकार छ-

तिमी मेरै साइँली भन्थ्यौ नि कालू
कालू शब्द भया छ विषालु

यस गीतमा प्रणय सम्बन्धमा रहँदा युवतीले कालू भनेर युवकलाई बोलाएको वर्णन पाइन्छ । जब युवतीले युवकलाई छाडेर जान्छे अनि युवकका लागि त्यो कालू शब्द अत्यन्त विषालु भएको बयान यहाँ भेटिन्छ । यस गीतमा वास्तविक वस्तु प्रेमीलाई लुकाएर अवास्तविक वस्तु कालू शब्दको प्रयोग गरिएको छ । लेकप्रसाद निरौलाले उपमेयको निषेध गरेर उपमानको स्थापना गर्नुलाई अपह्नुति अलङ्कार माने (२०६३, पृ. २३०) झैं यस गीतमा वास्तविक वस्तु कालु (प्रेमी)लाई लुकाएर कालूकै सेरोफेरोमा बाँकी विषयको चर्चा गरिएकाले यसमा अपह्नुति अलङ्कारको प्रयोग भएको देखिन्छ । यहाँ प्रेमिक सम्बन्धमा रहँदा प्रेमिकाले प्रेमीलाई सम्बोधन गरेको कालू शब्द नै बिछोडको अवस्थामा विष समान रहेको वर्णनले गीतलाई मर्मस्पर्शी बनाएको पाइन्छ ।

यसै गरी यहाँको साइँली गीतमा उत्प्रेक्षा अलङ्कारको प्रयोग भएको देखिन्छ । यहाँका गीतलाई सजाएको उत्प्रेक्षा अलङ्कारयुक्त साइँली गीतको टुक्रा यस प्रकार छ-

फरक पाउछु साइँली हिजो र आजमा
बाध्यताको पऱ्यौ कि माजमा

यस गीतको अंशमा युवतीले युवकलाई हिजो गर्ने व्यवहारभन्दा आज भिन्न किसिमको व्यवहार गरेको पाइन्छ । हिजोको व्यवहार र आजको व्यवहारमा भिन्नता आउनुको पछाडि पारिवारिक, सामाजिक अथवा सांस्कृतिक कुनै कारण भएको हुनसक्ने कल्पना युवकले गरेको देखिन्छ । केशवप्रसाद उपाध्यायले उपमेयमा उपमान आदिको सम्भावना कल्पित गरिएमा उत्प्रेक्षा अलङ्कार हुन्छ (२०६७, पृ. ११९) भने झैं यस गीतमा प्रस्तुत विषय युवतीको व्यवहारमा आएको परिवर्तनबाट अप्रस्तुत विषय कुनै किसिमको बाध्यताको सम्भावनाको कल्पना गरिएकाले यस गीतमा उत्प्रेक्षा अलङ्कारको प्रयोग भएको भेटिन्छ । यस गीतमा युवतीमा देखिएको व्यवहारिक परिवर्तनको कारणका रूपमा कुनै बाध्यता आइपरेको हो कि भन्ने कुराको वर्णनले गीतलाई आकर्षक बनाएको पाइन्छ ।

बाह्रै महिना यस क्षेत्रमा गाइने साइँली गीतमा अतिशयोक्ति अलङ्कारको प्रयोग भएको पाइन्छ । उदाहरणको रूपमा यस गीतको टुक्रालाई यसरी प्रस्तुत गर्न सकिन्छ-

पीरको दवाई साइँली पाउने भे हेर
किन्थे बरु आफैँलाई बेचेर

यस गीतमा यस संसारमा पीरको दवाई अर्थात् औषधी हुने भए आफैँलाई बेचेर किन्ने कुराको वर्णन पाइन्छ । कुलचन्द्र गौतमले लोकप्रचलित सबैले अनुभव गरेका कुरालाई बढाएर अनौठो तरिकाले बोल्नुलाई अतिशयोक्ति हुन्छ (२०७८, पृ. ८२) भने झैं यस गीतमा पीरको दवाईका लागि आफूलाई बेच्ने जस्तो सबैले अनुभव गरेको भन्दा भिन्न अतिशयोक्तिपूर्ण अभिव्यक्ति प्रस्तुत गरिएकाले यहाँ अतिशयोक्ति अलङ्कारको प्रयोग भएको देखिन्छ । यस गीतमा प्रस्तुत गरिएको आफ्नो शरीरभन्दा पनि पीर अत्यन्त दुःखदायी भएको वर्णनले गीतलाई हृदयस्पर्शी बनाएको भेटिन्छ ।

यस क्षेत्रका साइँली गीतमा पर्यायोक्ति अलङ्कारको प्रयोग भएका गीतका नमुनाहरू पाइन्छन्, जसमध्ये उक्त गीतको एउटा टुक्रालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ-

बूढेस कालमा साइँली खै किन रुन्थ्यौ
बुझ्या भए छोराका बाउ हुन्थ्यौ

यहाँ प्रसतुत गरिएको साइँली गीतको पहिलो टुक्रामा बूढेसकालमा आफन्त कोइ पनि छैनन् भनेर रुनुभन्दा समयमा नै विवाह गर्नु पर्ने हो भन्ने सुझाव दिएको पाइन्छ । यसको व्यङ्ग्यार्थ भनेको उमेर छँदा मलाई टेरेनौँ र अरू युवती खोज्यौ । म बाहेक अरू कुनै पनि नपाएका कारण अहिले एकलो भएका छौ भन्ने हो । सोमनार्थ शर्मा सिग्द्यालले सोझै भन्नुपर्ने कुनै कुरालाई घुमाउरो उक्तिले व्यङ्ग्य बुझाएमा पर्यायोक्ति अलङ्कार हुन्छ (२०२८, पृ. २३९) भने झैं यस गीतको टुक्रामा सामान्य अर्थका साथै व्यञ्जना अर्थसमेत प्रस्तुत भएकाले पर्यायोक्ति अलङ्कारको प्रयोग भएको स्पष्ट हुन्छ । यहाँ समयमै जीवनका बारेमा सोचेर विवाह सम्बन्धमा गाँसिएको भए उमेर पाको भएपछि सहाराविहीन भएर रुनु नपर्ने चर्चा गरिएको पर्यायोक्ति अलङ्कारको प्रयोगले गीतलाई मीठासपूर्ण बनाएको पाइन्छ ।

यसै गरी यहाँको साइँली गीतलाई असङ्गति अलङ्कारले सुसज्जित गरेको देखिन्छ । असङ्गति अलङ्कारले सजिएको यस क्षेत्रको साइँली गीतको अंश यस प्रकार छ-

बाध्य भएँ साइँली उईपछि लाग्नलाई

नभगायौ नसक्यौ माग्नलाई

यस गीतमा असफल प्रेम कथाको चर्चा गरिएको छ। यहाँ प्रेमी प्रेमिकाको बिचमा प्रेम सम्बन्ध गहिरो भएको पाइन्छ। प्रेमीले प्रेमिकालाई भगाएर पनि विवाह गर्न सक्दैन। न त उसले प्रेमिकाको घरमा गएर मागेर पनि विवाह गर्न नै सक्छ। यस्तो अवस्थामा केटीको बाध्यतावस अर्कै केटासँग विवाह हुन गएको छ। यस अवस्थामा भेट भएका ती प्रेमीलाई प्रेमिकाले उक्त कुरा प्रस्तुत गरेको देखिन्छ। यस गीतमा गाढा प्रेममा रहेका युवायुवतीको स्वाभाविक रूपमा विवाह हुनु पर्ने देखिन्छ, तर यहाँ युवतीले नचाहँदा नचाहँदै पनि अर्के केटासँग विवाह गर्न बाध्य भएकी छे। लक्ष्मीप्रसाद आचार्यले कार्य र कारणको स्थल भिन्न भएमा अलङ्गति अलङ्कार हुन्छ (२०४७, पृ. ६८) भने झैँ यस गीतमा कार्यभन्दा भिन्न अस्वाभाविक किसिमको प्रतिफल देखा परेकाले असङ्गति अलङ्कारको प्रयोग भएको भेटिन्छ। यस गीतमा मन परेको प्रेमीले प्रेमिकालाई भगाउन पनि नसकेको र माग्न पनि नसकेका कारण अर्कै केटासँग विवाह गर्न वाध्य भएको वर्णनले गीतलाई आस्वादनीय बनाएको देखिन्छ।

यसरी नै यहाँका साइँली गीतमा प्रयोग भएका विषम अलङ्कारयुक्त नमुनाहरू प्रस्तुत भएका पाइन्छन्। यस प्रकारको अलङ्कार प्रयोग भएको गीतको टुक्रा यस प्रकार छ-

घर त टाढा साइँली बनायो जिमीले  
मलाई टाढा नपार तिमीले

यहाँ प्रस्तुत गरिएको साइँली गीतमा प्रेमी प्रेमिकाको विषयमा चर्चा गरिएको छ। यस गीतमा भौगोलिक हिसाबले प्रेमी र प्रेमिका एकदमै टाढा भएका छन्। जिमी अर्थात् जमिनका हिसाबले धेरै टाढा भए पनि प्रेमीलाई टाढा नबनाउन प्रेमिकालाई आग्रह गरिएको वर्णन यसमा पाइन्छ। भरतराज पन्तले नसुहाउँदा दुई तत्त्वको एकत्र समावेश भएमा विषम अलङ्कार हुन्छ (२०५६, पृ. ७५) भने झैँ यस गीतमा घर टाढाटाढा भएका भिन्न पदार्थ युवा युवतीलाई मन नजिक बनाएर परस्पर जोड्ने प्रयास भएकाले यसमा विषम अलङ्कारको प्रयोग भएको पाइन्छ। यहाँ भौतिक रूपमा टाढाटाढा भएका प्रेमी प्रेमिकाहरू मनका हिसाबले नजिक रहेको वर्णन गरिएको विषम अलङ्कारको प्रयोगले गीतलाई लालित्यपूर्ण बनाएको देखिन्छ।

यसका साथै यस क्षेत्रका साइँली गीतमा विशेषोक्ति अलङ्कारको प्रयोग भएको पाइन्छ। यहाँको साइँली गीतमा प्रयोग भएका विशेषोक्ति अलङ्कारयुक्त गीतका नमुना र विश्लेषण यस प्रकार छ-

मेरी माया साइँली काँ गाथ्यौ यतिञ्जेल  
खोजे मैले परानले भेटुञ्जेल

यहाँ प्रस्तुत भएको साइँली गीतमा प्रेमी प्रेमिकाको बारेमा चर्चा गरिएको छ। यसमा प्रेमीले प्रेमिकालाई दिलो ज्यान दिएर खोजको छ। प्रेमिका भने कतैतिर पनि फेला परेकी छैन। यसरी खोज्दा खोज्दा नभेटेर थाकेर बसेको अवस्थामा कतैतिरबाट अकस्मात प्रेमिका उसका अगाडि आइ पुगेको देखिन्छ। यस गीतमा दिलो ज्यान दिएर खोजेको पर्याप्त कारण हुँदाहुँदै पनि प्रेमिका कतै पनि नभेटिने कार्य भएको छ। रत्नध्वज जोशीले कारण उपस्थित भएर कार्य नभएमा विशेषेक्ति अलङ्कार हुन्छ (२००२, पृ. ७७) भने झैँ यस गीतमा परानले भेटुञ्जेल खोजेको कारण भएर पनि प्रेमिका नभेटिएको कार्य नहुनुले यस गीतमा विशेषोक्ति अलङ्कारको प्रयोग भएको देखिन्छ। यस गीतमा दिलोज्यान दिएर खोज्दा पनि प्रेमिका भेटाउन नसक्नु र भेट्न नै नसकेर थाकेर बसेको अवस्थामा कतैतिरबाट प्रेमिका आफ्से आफ टुप्लुक्क आइपुगेको वर्णनले गीतलाई आह्लादकारी बनाएको भेटिन्छ।

यहाँको साइँली गीतमा प्रयोग भएका व्याघात अलङ्कारहरूले गीतलाई शोभायमान बनाएको पाइन्छ। व्याघात अलङ्कारयुक्त साइँली गीतको अंश यस प्रकार छ-

यो मायाले साइँली मुटु नै दियो  
तर सानु मुटुमा विष थियो

यहाँ प्रस्तुत गरिएको साइँली गीतमा कपटपूर्ण प्रेमको विषयमा वर्णन गरिएको छ। यस गीतमा युवकले युवतीलाई हृदय नै समर्पण गरेर प्रेम गरेको वर्णन पाइन्छ। उसले गरेको त्यो प्रेम वास्तविक प्रेम हुँदैन। उसले क्षणिक स्वार्थ लिने उद्देश्यले कपटपूर्ण तरिकाले प्रेमको नाटक गरेको देखिन्छ। अन्तमा प्रेमीले दिएको मुटुमा नै विष भएको अर्थात् आत्मिक प्रेम जस्तो देखिने नक्कली प्रेमले प्रेमिकाको हत्या गर्न थालेको वर्णन यसमा गरिएको छ। नारायणप्रसाद खनालले कसैले भनेको कुरालाई अरु कसैले चमत्कारपूर्वक अर्कै प्रकारले उल्टो सिद्ध गरेमा व्याघात अलङ्कार हुन्छ (२०५९, पृ. ३९१) भने झैँ यस गीतमा एउटै वस्तु हार्दिक प्रेम अर्थात् मुटु एक पटक असाध्यै जीवन उपयोगी भएको र अर्को पटक जीवन समाप्त गर्ने विषको रूपमा उल्टो तरिकाले चर्चा गरिएको छ। यसबाट प्रस्तुत गीतमा व्याघात अलङ्कारको प्रयोग भएको भेटिन्छ। यहाँ

प्रेमीले प्रेमिकालाई गरेको हृदय समर्पणलाई एक पटक सकारात्मक रूपमा र अर्को पटक नकारात्मक रूपमा वर्णन गरेर गीतलाई श्रुतिमाधुर्य बनाउने काम गरेको पाइन्छ ।

यसै गरेर यस क्षेत्रको साइँली गीतमा सार अलङ्कारको प्रयोग भएको पाइन्छ । सार अलङ्कारको प्रयोग भएको यस गीतको अंश यस प्रकार छ-

छुट्ने बेला साइँली झन माया बरी
आजको रात नचल्न ए घरी

यस गीतमा नव विवाहित दम्पतिको विषयवस्तु समेटिएको पाइन्छ । लामो समयसम्म छुटिने दिनको अघिल्लो रातको समय छ । श्रीमान् श्रीमतीहरू मिठामिठा प्रेमका कुराहरू गरिरहेका छन् । उनीहरूका लागि त्यस रातको समय अत्यन्त महत्त्वपूर्ण भएको छ । आजको रातको समय लामो भइदिए हुन्थ्यो भन्ने मनसाय यहाँ व्यक्त गरेको देखिन्छ । छुट्ने बेला मायाप्रेम झन् बढ्दै गएको छ । यसकारण आजको रातमा घडी पनि नचलिदिए हुन्थ्यो भन्ने भाव यसमा व्यक्त भएको पाइन्छ । भरतराज पन्तले कुनै वस्तुको उत्तरोत्तर उत्कर्ष वा अपकर्ष भएमा सार अलङ्कार हुन्छ (२०५६, पृ. ८४) भने झैँ यस गीतमा श्रीमान् श्रीमती छुट्ने बेलामा प्रेममा देखिएको तीव्रता, उज्यालो नै नभइदिए हुन्थ्यो जस्ता प्रस्तुति भई प्रणय भावको उत्तरोत्तर उत्कर्ष देखाइएकाले यहाँ सार अलङ्कारको प्रयोग भएको प्रस्ट हुन्छ । यहाँ गाढा प्रणय सम्बन्धमा रहेका जोडीले रातको समय लामो भइदिए हुन्थ्यो भन्ने भाव व्यक्त गरेर गीतलाई रागात्मक बनाएको देखिन्छ ।

यहाँका साइँली गीतलाई काव्यलिङ्ग अलङ्कारको प्रयोगले सजिसजाउ गरेको देखिन्छ । काव्यलिङ्ग अलङ्कारले सजिएको साइँली गीतको उदाहरण यस प्रकार छ-

क्यै बुझिनौ साइँली म कत्ति गलेको
हेर्दै बस्नु चितामा जलेको

प्रस्तुत साइँली गीतको यस टुक्रामा असफल प्रेमको विषयमा चर्चा गरिएको छ । यस गीतमा युवतीको प्रेमलाई युवकले पटक्कै बुझेको छैन । युवतीले युवकबाट उपयुक्त प्रेम नपाएर दिनदिनै गल्दै गएकी छे । युवकले भने बिल्कुलै वेवास्ता गरेको छ । यदि यसरी नै वेवास्ता गर्दै जाने हो भने युवती चितामा जलेको बाहेक युवकले अरू केही देख्न नसक्ने कुराको वर्णन यस गीतमा पाइन्छ । हेमाङ्गराज अधिकारीले मुख्य कुराको सार्थक हेतु बनेका वाक्य वा पदलाई काव्यलिङ्ग अलङ्कार भनिन्छ (२०५६, पृ. ६६) भने झैँ यहाँ समर्थन भाव (सार्थक हेतु) वेवास्ता गर्नु र समर्थनीय भाव (मुख्य कुरा) चितामा जलेको हेर्नु जस्ता भाव देखा परेकाले यस गीतमा काव्यलिङ्ग अलङ्कारको प्रयोग भएको पाइन्छ । यहाँ आफ्नो प्रेमीले प्रेमको महत्त्व बुझ्न नसकेको गुनोस व्यक्त गर्दै प्रेमिकाले आफ्नो जीवन लीला छिटै नै समाप्त हुने कुरा व्यक्त गरेर गीतलाई आकर्षक बनाउने काम गरेको पाइन्छ ।

यसै गरी यस क्षेत्रको साइँली गीतमा प्रयोग गरिएको अर्थापत्ति अलङ्कारयुक्त गीतको टुक्रा यस प्रकार छ-

खोलापारि साइँली म माया लाउँदैन
वर्षा लागे म आउन पाउँदैन

प्रस्तुत साइँली गीतमा युवायुवतीले प्रेम गर्दा ध्यान दिनु पर्ने विषयको वर्णन गरिएको छ । जो कोहीले प्रेम गर्नुभन्दा पहिले उसको समग्र पक्षमा ध्यानदिन आवश्यक हुन्छ । खोलापारिको व्यक्तिसँग प्रेम गर्न हुँदैन भन्ने कुरा यस गीतमा अभिव्यक्त भएको पाइन्छ । वर्षाको समयमा खोला बढ्न गई पार गर्न गाह्रो हुने गर्दछ । प्रेमी प्रेमिका भनेको सँधै भेट भइरहनु पर्ने व्यक्ति भएकाले खोलापारिका व्यक्तिसँग प्रेम गर्न हुँदैन भन्ने कुराको चर्चा यस गीतमा देखिन्छ । गोविन्दप्रसाद भट्टराईले कैमुत्य न्याय (यस्तो त हुन्छ भने यस्तो किन नहुनु भन्ने) तरिकाले वा दण्डापुविका न्याय (मुसाले लट्ठी ता खायो भने लट्ठीमा बाँधेको मालपुवा के बाँकी राख्यो होला भन्ने) तरिकाले अर्को कुरा बुझाएमा अर्थापत्ति अलङ्कार हुन्छ (२०३१, पृ. ४४८) भने झैँ यस गीतमा वर्षे झरीको बेला खोला ठुलो हुने कुराको सिद्धिबाट खोला वारिपारिका प्रेमी प्रेमिकाको भेट नहुने कुरा स्वतः सिद्ध भएकाले यस गीतमा अर्थापत्ति अलङ्कारको प्रयोग भएको पाइन्छ । यहाँ वर्षाको समयमा बाँढीका कारण खोलापारिका व्यक्तिसँग प्रेम गर्न हुँदैन भन्ने कुराको चर्चाले गीतलाई सौन्दर्ययुक्त बनाएको देखिन्छ ।

यसरी नै यस क्षेत्रको साइँली गीतमा प्रयोग गरिएको प्रतीप अलङ्कारयुक्त गीतको नमुना यस प्रकार छ-

उमेर हेर्दा साइँली देखिन्छौ तन्नेरी
जाइनजस्तो गर्छौ नि अन्नेरी

यस गीतमा एउटा युवकको स्वभावको चित्रण गरिएको पाइन्छ । झट्ट हेर्दा युवक तन्नेरी वा पाको जस्तो देखिन्छ । उसको स्वभाव, व्यवहार भने केटाकेटी पाराको भेटिन्छ । प्राकृतिक नियमले उपमेय जाइन (बच्चा) र उपमान तन्नेरी (युवा) हुनु पर्ने हो । यस गीतमा भने उपमेय तन्नेरी र उपमान जाइन बनाइएको छ । सोमनाथ शर्माले उपमेय र उपमानलाई

उल्टाएमा प्रतीप अलङ्कार हुन्छ (२०५८, पृ. २१९) भने झैँ यहाँ तन्नेरी जस्तो जाइन नभनीकन जाइन जस्तो तन्नेरी भनेकाले प्रतीप अलङ्कार प्रयोग भएको भेटिन्छ । यहाँ तरुण व्यक्तिले बच्चाको जस्तै व्यवहार गरेको आश्चार्ययुक्त वर्णनले गीतलाई चमत्कारपूर्ण बनाएको देखिन्छ ।

यसै गरी यहाँको साइँली गीतमा स्वभावोक्ति अलङ्कारको प्रयोग पनि भएको पाइन्छ । यस अलङ्कारको प्रयोग गरिएको साइँली गीतको अंश यस प्रकार छ-

जुन दिन तिमी साइँली झर्किन्छौ बात गरी
त्यै दिन निद्रा लाउँदैन रातभरि

यस गीतमा विदेशमा गएको श्रीमान् र घरमा बसेकी श्रीमतीबिचको कुराकानीलाई मूल विषयवस्तु बनाएको पाइन्छ । यस गीतमा श्रीमान्ले झर्किएर टेलिफोनबाट कुराकानी गरेको दिन श्रीमतीलाई रातभरि निद्रा नलागेको चर्चा गरिएको छ । जुन दिनमा श्रीमान् र श्रीमतीको बिचमा वादविवाद सुरु हुन्छ, त्यसदिन राति निद्रा न आउनु यथार्थ तर चमत्कारपूर्ण कुरो हो । कुलचन्द्र गौतमले नानाप्रकारका सांसासिक वस्तुको यथास्थिति स्वरूप (जस्ताको तस्तै) बताउनुलाई स्वभावोक्ति अलङ्कार हुन्छ (२०६८, पृ. २२) भने झैँ यस गीतमा झगडा भएका दिन निद्रा नलागेको यथास्थिति स्वरूप चमत्कारपूर्ण वर्णन भएकाले यहाँ स्वभावोक्ति अलङ्कारको प्रयोग भएको देखिन्छ । यस गीतमा झर्किएर कुराकानी गर्दा पटक्कै निद्रा नलागेको वर्णन गरेर गीतलाई मर्मस्पर्शी बनाउने काम गरेको पाइन्छ ।

यसै गरी यस क्षेत्रको साइँली गीतमा पनि प्रेय अलङ्कारको प्रयोग भएको देखिन्छ । प्रेय अलङ्कारको प्रयोग गरिएको साइँली गीतको अंश यस प्रकार छ-

मेरी माया साइँली नबन बिरानी
हत्केलीको राख्दिउँला सिरानी

यहाँ प्रस्तुत गरिएको साइँली गीतमा प्रेमको विषयमा चर्चा गरिएको छ । यसमा आफ्नी प्रेमिकालाई सधैँ नजिक रहन भनिएको छ । बिरानी नभएर आफ्नो हत्केलीलाई सिरानी (तकिया) बनाएर सुत्न समेत आग्रह गरिएको छ । भरतराज पन्तले उत्तम वा प्यारो वस्तु र भाव नै रसको अङ्ग भएमा प्रेय अलङ्कार हुन्छ (२०५६, पृ. ११६) भने झैँ यस गीतमा प्रेमिकाप्रति प्रेमीले अत्यधिक प्रेमिक भाव व्यक्त गरेकाले प्रेय अलङ्कारको प्रयोग भएको देखिन्छ । यहाँ प्रेमिकालाई बिरानी नभएर सधैँभरि आलिङ्गन गरेर बस्न आग्रह गरिएको चर्चाले गीतलाई आह्लादकारी बनाएको भेटिन्छ ।

यसरी नै यस क्षेत्रको साइँली गीतमा सम्भावना अलङ्कारको पनि प्रयोग भएको पाइन्छ । यस प्रकारको अलङ्कार प्रयोग भएको साइँली गीतको टुक्रा यस्तो छ-

आज पानी साइँली परेन किन नि
तिमी हौ कि बादलु बिमानी

यस गीतमा पानी नपर्नुको मुख्य कारण तिमी नै (बादलु) बेइमान हौ कि भनेर सामान्य अर्थ प्रस्तुत भएको छ । व्यञ्जनार्थमा हेर्ने हो भने यस गीतमा तिम्रो मेरो प्रेममा सफलता नहुनको मुख्य कारण तिमी नै हौ कि भनेर सम्भावनात्मक प्रश्न गरिएको छ । लेखप्रसाद निरौलाले यस्तो भएमा यस्तो हुने छ भन्ने कल्पनाकेन्द्री रहनु नै सम्भावना अलङ्कार हो (२०७१, पृ. १९७) भने झैँ यस गीतमा प्रेममा सफलता प्राप्त नगर्नुमा तिमी नै हौ कि भनेर सम्भाव्य कार्यकारण सम्बन्ध देखाइएकाले यसमा सम्भावना अलङ्कारको प्रयोग भएको पाइन्छ । यहाँ आज पानी नपर्नु (भेट नहुनु)को अर्थ तिमी बादल (प्रेमिका) भएको वर्णन गरेर गीतलाई सुस्वाद्य बनाएको भेटिन्छ ।

यस क्षेत्रको साइँली गीतमा विषादन अलङ्कारको प्रयोग भएको पाइन्छ । विषादन अलङ्कारको प्रयोग गरिएको गीतको उदाहरण यस प्रकार छ-

पूरा गर्देउ साइँली ब्या गर्ने सपनी
कतिसम्म पर्खौं र म पनि

यस गीतमा विवाह गर्नका लागि लामो समयसम्म प्रेमिकाको प्रतीक्षामा प्रेमी बसेको देखिन्छ । उसले अन्तिम समयमा विवाह गर्ने इच्छा, चाहना वा सपना पूरा गरिदिन प्रेमिकालाई आग्रह गरेको पाइन्छ । यस गीतमा प्रेमीको चाहना-अनुसारको प्रतिफल नपाई आफूले गरेको अपेक्षामा असफल भएको वर्णनबाट दुःखको अवस्था सिर्जना भएको देखिन्छ । कुलचन्द्र गौतमले इच्छा गरेको वस्तु नपाएर इच्छा नगरिएको वस्तु पाइएको वर्णन गरिएमा विषादन अलङ्कार हुन्छ (२०६८, पृ. २५०) भने झैँ यस गीतमा बिहे गर्ने सपना पूरा नभएको इच्छा विपरीतको फल प्राप्त भएकाले यहाँ विषादन अलङ्कारको प्रयोग भएको भेटिन्छ । यस गीतमा विवाहको प्रतीक्षामा युवकले लामो समयसम्म पर्खनु परेको दुःखेसो व्यक्त गरेको वर्णनले गीतलाई लालित्यपूर्ण बनाएको पाइन्छ ।

यहाँको साइँली गीतलाई उल्लास अलङ्कारको प्रयोगले सौन्दर्यपूर्ण बनाएको पाइन्छ । उल्लास अलङ्कारको प्रयोग गरिएको साइँली गीतको नमुना यस प्रकार छ-

लाग्यो क्या हो साइँली मायाको रोग मलाई
किन छैन निद्रा र भोक मलाई

प्रस्तुत गीतमा एउटी युवतीलाई प्रेमको रोग लागेको चर्चा गरिएको छ । उसलाई प्रेम रोगका कारण रातिमा निद्रा र दिउँसो भोग लागेको छैन । यसरी एउटा वस्तु प्रेम रोगको गुणबाट अर्को वस्तु रातमा निद्रा र दिउँसो भोक नलाग्नु दोषको चर्चा गरेको पाइन्छ । भवानीशङ्कर कफल्लकले एउटाको गुणले अर्कै दोष उल्लास पर्छ (२०२४, पृ. ५९) भने झैँ यस गीतमा प्रेम रोगका कारण निद्रा र भोक नलागेको वर्णनमा उल्लास अलङ्कारको प्रयोग भएको पाइन्छ । यहाँ मायाको रोगले भोक निद्रा नलागेको वर्णन गरेर गीतलाई उक्तिवैचित्र्ययुक्त बनाएको देखिन्छ ।

यस क्षेत्रको साइँली गीतमा विकस्वर अलङ्कारको प्रयोग भएको देखिन्छ । यहाँको साइँली गीतमा प्रयोग भएको विकस्वर अलङ्कारयुक्त गीतको अंश यस प्रकार छ-

मनमा के छ साइँली खुलेर भनिदेउ
जुनलाई ज्योति दिने घाम बनिदेउ

प्रस्तुत गीतमा युवकले युवतीसँग प्रेमको याचना गरेको पाइन्छ । यहाँ युवकले युवतीलाई मनभित्रको कुरा स्पष्टसँग राख्न भनेको छ । उसले युवतीलाई जुनको ज्योति दिने घाम बनिदिन आग्रह गरेको पाइन्छ । यसलाई व्यञ्जनात्मक रूपमा आफू युवतीप्रति आकर्षित भएकाले प्रेममा बाँधिएर विवाहसम्मको अवस्थामा पुग्न आग्रह गरेको देखिन्छ । यस गीतमा सामान्य वस्तु युवायुवतीबिचको चिनजानको अवस्थामा समर्थनमाथि समर्थन गरेर युवतीप्रति युवक अत्यन्त आकर्षित हुनु र विवाहको अवस्थासम्म पुग्ने कुराको वर्णनमा जुनलाई ज्योति दिने घामको चर्चा गरिएको छ । गोविन्दप्रसाद भट्टराईले समर्थनमाथि पुनः समर्थन गरिएमा विकस्वर अलङ्कार हुन्छ (२०३१, पृ. ४२५) भने झैँ यस गीतमा विकस्वर अलङ्कारको प्रयोग भएको देखिन्छ । यस गीतमा मनभित्र गुम्सिएको भावनालाई फुकाएर प्रेमिक सम्बन्धमा जोडिन आग्रह गरेको चर्चाले गीतलाई सौन्दर्ययुक्त बनाएको भेटिन्छ ।

यसै गरी यस क्षेत्रको साइँली गीतमा समासोक्ति अलङ्कारको प्रयोग भएको पाइन्छ । यस गीतमा भेटिने समासोक्ति अलङ्कारको नमुनालाई यसरी प्रस्तुत गर्न सकिन्छ-

अब मलाई साइँली कसरी चिनौली
लौरी बन्छु समाएर हिनौली

साइँली गीतको यस पङ्क्तिमा युवा अर्थात् केटाले युवतीलाई प्रेमको याचना गरेको पाइन्छ । युवाले प्रेमप्रणयमा बाँधिन अनुरोध गर्दा पनि युवतीले मानेकी छैन । त्यसैको शोक चिन्ताले आफू कमजोर हुँदै गएर अन्तमा लठ्ठी जस्तै बन्ने धारणा यस गीतमा युवकले राखेको पाइन्छ । आफू शोक चिन्ताले दुब्लो पातलो भएर लठ्ठी भएमा समाएर हिनौली भनेर युवकले दुःख व्यक्त गरेको छ । यसरी यस गीतमा प्रेम प्रस्ताव अस्वीकार गरेपछि प्रस्तुत विषय युवक शोक चिन्ताका कारण अप्रस्तुत विषय लठ्ठी बन्ने कुराको वर्णनमा समासोक्ति अलङ्कारको प्रयोग भएको भेटिन्छ । भामहले कुनै कुराको वर्णन गर्दा त्यसमा भएका समान विशेषताहरूले गर्दा अर्को अर्थको बोध भएमा समासोक्ति हुने कुरा उल्लेख गर्दै यसमा संक्षिप्त कथनबाट अनेक अर्थ अभिव्यक्त हुने कुरा प्रस्तुत गरिएको हुन्छ (२०४२, पृ. ६०) भने झैँ यस गीतमा प्रस्तुत विषयलाई अप्रस्तुत विषयमा चर्चा गर्दा संक्षिप्त कथनबाट व्यापक अर्थ प्रस्तुत हुने भएकाले यस गीतमा समासोक्ति अलङ्कारको प्रयोग भएको स्पष्ट हुन्छ । यहाँ आफूले अत्यन्त मन पराएको व्यक्तिले प्रेम प्रस्ताव अस्वीकार गर्दा आफू दुब्लाउँदै गएर निर्जीव वस्तु लठ्ठी हुने कुराको वर्णनले गीतलाई कलात्मक बनाएको पाइन्छ ।

## निष्कर्ष

यस लेखमा आठहजार क्षेत्रको साइँली गीतमा आलङ्कारिक सौन्दर्य खोज्ने काम गरिएको छ । यस गीतमा यहाँका लोकस्रष्टाले विभिन्न प्रकारका अलङ्कारहरूको स्वाभाविक रूपमा प्रयोग गरेको पाइन्छ । यस क्षेत्रका साइँली गीतमा प्रयोग भएका अलङ्कारहरूले गीतलाई सौन्दर्यपूर्ण बनाएको पाइन्छ । साइँली गीतमा गङ्गा जल झैँ निश्चल मन भएको चर्चा गर्दै मन र गङ्गाका बिचमा सादृश्य सम्बन्ध निश्चल अवस्था देखाएको उपमा अलङ्कारले गीतलाई सौन्दर्यपूर्ण बनाएको पाइन्छ । यसै गरी *सिस्नो रैछ साइँली फूल भनी छोको, छैन त्यसै न्याउली झैँ मन रोको* भनेर फूल रूपी सिस्नोलाई चिन्न नसक्नुको व्यञ्जनार्थमा उचित किसिमको प्रेमीलाई भ्रममा परेर चिन्न नसकेको वर्णन गरिएको भ्रान्तिमान् अलङ्कारले गीतलाई

चमत्कारपूर्ण बनाएको देखिन्छ। यसरी नै भनेर वास्तविक वस्तु प्रेमीलाई लुकाएर अवास्तविक वस्तु कालू शब्दको प्रयोग गरी कालूकै सेरोफेरोमा बाँकी विषयको चर्चा गरिएको अपह्नुति अलङ्कारले गीतलाई मर्मस्पर्शी बनाएको पाइन्छ। यसका साथै प्रस्तुत विषय युवतीको व्यवहारमा आएको परिवर्तनबाट अप्रस्तुत विषय कुनै किसिमको बाध्यता हो कि भन्ने कल्पना गरिएको उत्प्रेक्षा अलङ्कारको प्रयोगले गीतलाई आकर्षक बनाएको पाइन्छ। यसका अतिरिक्त *पीरको दवाई साइँली पाउने भे हेर, किन्थे बरु आफैँलाई बेचेर* भनी पीरको दवाईका लागि आफूलाई बेचेर किन्ने थैँजस्तो अतिशयोक्ति अलङ्कारको प्रयोगले गीतलाई हृदयस्पर्शी बनाएको भेटिन्छ। यसै गरेर समयमै जीवनका बारेमा सोचेर विवाह सम्बन्धमा गाँसिएको भए उमेर पाको भएपछि सहाराविहीन भएर रुनु नपर्ने चर्चा गरिएको पर्यायोक्ति अलङ्कारको प्रयोगले गीतलाई मीठासपूर्ण बनाएको पाइन्छ। यसै गरी गीतको टुक्रामा गाढा प्रेममा रहेका युवायुवतीको स्वाभाविक रूपमा विवाह हुनु पर्ने देखिन्छ, तर यहाँ युवतीले नचाहँदा नचाहँदै पनि अर्के केटासँग विवाह गर्न बाध्य भएको असङ्गति अलङ्कारको प्रयोगले गीतलाई आस्वादनीय बनाएको देखिन्छ। यसरी नै गीतमा जमिनका हिसाबले धेरै टाढा भए पनि प्रेमीलाई टाढा नबनाउन प्रेमिकालाई आग्रह गरिएको विषम अलङ्कारको प्रयोगले गीतलाई लालित्यपूर्ण बनाएको देखिन्छ। यसका साथै प्रेमिकालाई खोज्दा खोज्दा नभेटेर थाकेर बसेको अवस्थामा कतैतिरबाट अकस्मात प्रेमिका उसका अगाडि आइ पुगेको विशेषोक्ति अलङ्कारको प्रयोगले गीतलाई आह्लादकारी बनाएको भेटिन्छ। यसका अतिरिक्त *यो मायाले साइँली मुटु नै दियो, तर सानु मुटुमा विष थियो* भनेर यस गीतमा एउटै वस्तु हार्दिक प्रेम अर्थात् मुटु एक पटक असाध्यै जीवन उपयोगी भएको र अर्को पटक जीवन समाप्त गर्ने विषको रूपमा चर्चा गरिएको व्याघात अलङ्कारको प्रयोगले गीतलाई श्रुतिमाधुर्य बनाउने काम गरेको पाइन्छ। यसै गरेर यस गीतमा श्रीमान् श्रीमतीको प्रेम, छुट्ने बेलामा प्रेममा देखिएको तीव्रता, उज्यालो नै नभइदिए हुन्थ्यो जस्ता प्रस्तुति भई प्रणय भावको उत्तरोत्तर उत्कर्ष देखाइएको सार अलङ्कारको प्रयोगले गीतलाई रागात्मक बनाएको देखिन्छ। यस गरी समर्थन भाव वेवास्ता गर्नु र समर्थनीय भाव चितामा जलेको हेर्नु जस्ता भाव देखा परेको काव्यलिङ्ग अलङ्कारको प्रयोगले गीतलाई आकर्षक बनाउने काम गरेको पाइन्छ। यसरी नै *खोलापारि साइँली म माया लाउँदैन, वर्षा लागे म आउन पाउँदैन* भनी यस गीतमा वर्षे झरीको बेला खोला ठुलो हुने कुराको सिद्धिबाट खोला वारिपारिका प्रेमी प्रेमिकाको भेट नहुने कुरा स्वतः सिद्ध भएको अर्थापत्ति अलङ्कारको प्रयोगले गीतलाई सौन्दर्ययुक्त बनाएको देखिन्छ। यसका साथै गीतमा तन्नेरी जस्तो जाइन नभनीकन जाइन जस्तो तन्नेरी भनेको प्रतीप अलङ्कार प्रयोगले गीतलाई चमत्कारपूर्ण बनाएको देखिन्छ। यसका अतिरिक्त श्रीमान् र श्रीमतीको बिचमा वादविवाद सुरु भएको दिन राति निद्रा न आउनु यथार्थ तर चमत्कारपूर्ण भएको स्वभावोक्ति अलङ्कारको प्रयोगले गीतलाई मर्मस्पर्शी बनाउने काम गरेको पाइन्छ। यसै गरेर मेरी *माया साइँली नबन बिरानी, हत्केलीको राख्दिउँला सिरानी* भनेर यस गीतमा प्रेमिकाप्रति प्रेमीले अत्यधिक प्रेमिक भाव व्यक्त भएको प्रेय अलङ्कारको प्रयोगले गीतलाई आह्लादकारी बनाएको भेटिन्छ। यसै गरी यस गीतको व्यञ्जनार्थमा प्रेममा सफलता प्राप्त नगर्नुको कारण तिमी नै हौ कि भनेर सम्भाव्य कार्यकारण सम्बन्ध देखाइएको सम्भावना अलङ्कारको प्रयोगले गीतलाई सुस्वाद्य बनाएको भेटिन्छ। यसरी नै यस गीतमा प्रेमीको चाहना-अनुसारको प्रतिफल नपाई आफूले गरेको अपेक्षामा असफल भएको वर्णनबाट दुःखको अवस्था सिर्जना भएको विषादन अलङ्कारको प्रयोगले गीतलाई लालित्यपूर्ण बनाएको पाइन्छ। यसका साथै *लाग्यो क्या हो साइँली मायाको रोग मलाई, किन छैन निद्रा र भोक मलाई* भनेर एउटा वस्तु प्रेम रोगको गुणबाट अर्को वस्तु रातमा निद्रा र दिउँसो भोक नलाग्नु दोषको चर्चा गरिएको उल्लास अलङ्कारको प्रयोगले गीतलाई उक्तिवैचित्र्ययुक्त बनाएको देखिन्छ। यसका अतिरिक्त सामान्य वस्तु युवायुवतीबिचको चिनजानको अवस्थामा समर्थनमाथि समर्थन गरेर युवतीप्रति युवक अत्यन्त आकर्षित हुनु र विवाहको अवस्थासम्म पुग्ने कुराको वर्णनमा जुनलाई ज्योति दिने घामको चर्चा गरिएको विकस्वर अलङ्कारको प्रयोगले गीतलाई सौन्दर्ययुक्त बनाएको भेटिन्छ। यसै गरेर *अब मलाई साइँली कसरी चिनौली, लौरी बन्छु समाएर हिनौली* भन्दै यस गीतमा प्रेम प्रस्ताव अस्वीकार गरेपछि प्रस्तुत विषय युवक शोक चिन्ताका कारण अप्रस्तुत विषय लट्ठी बन्ने कुराको वर्णन भएको समासोक्ति अलङ्कारको प्रयोगले गीतलाई कलात्मक बनाएको पाइन्छ।

## सन्दर्भसामग्रीसूची

आचार्य, लक्ष्मीप्रसाद (२०४७). *अलङ्कार सागर सोपान.* श्रीकृष्णहरि शर्मा ढुङ्गाना।

उपाध्याय, केशवप्रसाद (२०६७). *पूर्वीय साहित्य सिद्धान्त* (पाँ.सं.). साझा प्रकाशन।

खनाल, नारायणप्रसाद (२०५९). *ऋतुविचार खण्डकाव्यको अलङ्कारशास्त्रीय अध्ययन* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध). अनुसन्धान केन्द्र, ने.सं.वि.।

गौतम, कुलचन्द्र (१९६८). *राघवालङ्कार* . कुलचन्द्र गौतम स्मृति संस्था।

जोशी, रत्नध्वज (२००२). *मानसालङ्कार.* नेभाप्रसं.।

निरौला, लेखप्रसाद (२०७१). *माधव घिमिरेका खण्डकाव्यमा अलङ्कार.* विद्यार्थी पुस्तक भण्डार ।
पन्त, भरतराज (२०५६). *नेपाली अलङ्कार परिचय.* नेपाल प्रज्ञाप्रतिष्ठान ।
भट्ट, टीकाप्रसाद (२०७४). *प्रभासगीता महाकाव्यमा अलङ्कार प्रयोग* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध). अनुसन्धान केन्द्र, ने.सं.वि. ।
भट्टराई, गोविन्दप्रसाद (२०३१). *पूर्वीय काव्य सिद्धान्त.* ने.रा.प्र.प्र. ।
शर्मा सिग्द्याल, सोमनाथ (२०५८). *साहित्यप्रदीप.* विद्यार्थी पुस्तक भण्डार ।
श्रेष्ठ, दयाराम (२०७७). *साहित्यको अनुसन्धान व्यवस्थापन.* शिखा बुक्स ।